जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

# अनुदान तथा आर्थिक सहायता कार्यविधि, २०७९ (पहिलो संसोधन,२०८१)

कार्यपालिकाबाट स्वीकृत मितिः२०७९/१२/०७
संसोधन तथा परिमार्जन मितिः२०८०/१२/०९

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, विपन्न बालबालिका, पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता, वेवास्तामा परेका जेष्ठ नागरिकको हित प्राकृतिक प्रकोपजन्य विपद् बाट पीडित व्यक्तिहरुलाई राहत वितरण गर्ने कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा अनुदान तथा आर्थिक सहायता कार्यविधि, २०७९ बनाई जारी गरिएकोमा समयसापेक्ष नगरपालिकाको जनतालाई अझै स्थानीय सरकारको बोध गराई आर्थिक सहायता कार्यान्वय गर्न नवौं नगर सभाबाट पहिलो संसोधन गरिएको छ ।

१. कार्यविधिको प्रकरण १० मा संसोधनः कार्यविधिको प्रकरण १० को (४) ईन्धन सहायता दिदाँ निम्न बमोजिम हुनेछ भन्नेः को खण्ड च) पछी निम्न बमोजिम छ) थप गरिएको छ ।
छ) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भएपनि नगर प्रमुखको सिफारिसमा अतिथिको लागि आवश्यक्ता अनुसार ईन्धन उपलब्ध गराउन सकिनेछ ।

२. कार्यविधिको प्रकरण १२ मा संसोधनः कार्यविधिको प्रकरण १२ मा खण्ड ज. पछी निम्नानुसार खण्ड झ. थप गरिएको छ ।
झ. नगरपालिका क्षेत्रमा भएका भवितब्य तथा अन्य कारणले अप्रिय घटनाबाट भएको पिडितलाई नगरसभाबाट अनुमोदन हुने गरी नगर प्रमुखले आवश्यक्ता/परिस्थिति अनुसार आर्थिक सहायता दिन सक्नेछन ।

३. कार्यविधिको प्रकरण १३ मा संसोधनः कार्यविधिको प्रकरण १३ मा खण्ड (प) पछी निम्नानुसार (फ) थप गरिएको छ ।
फ. माथी उल्लेखित खण्डहरुमा नसमेटिएका अनुदानका क्षेत्रका विषयहरु नगर प्रमुखको स्वीकृत बमोजिम हुनेछ ।

४. कार्यविधिको प्रकरण १८ मा संसोधनः कार्यविधिको प्रकरण १८ (ख) मा निम्नानुसार संसोधन गरिएको छ ।
ख. नगरपालिकाको स्वीकृत बजेट सिलिङबाट उप-प्रमुखले रु.२,००,०००।- (दुई लाख) र सो भन्दा बढी भएमा नगर प्रमुखको निर्णयबाट ।

५. कार्यविधिको प्रकरण २५ थपः कार्यविधिको प्रकरण २४ पछी निम्नानुसार प्रकरण २५ थप गरिएको छ ।
२५. बाधा अड्काउ फुकाउः यस कार्यविधिमा उल्लेखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा कार्यपालिकाबाट अनुमोदन गराउने गरी नगर प्रमुखस्तरीय निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ।

राजन पौडेल
नगर प्रमुख



Scanned with CamScanner